१०४०।९६२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४९३/२०७२/०७३

निर्णय नं. ६७२

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), सूर्योदय नगरपालिका कार्यालय, ईलाम ...................१ विपक्षी

सूचना अधिकारी, सूर्योदय नगरपालिका कार्यालय, ईलाम .............................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले सूर्योदय नगरपालिका कार्यालय, ईलाम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम सूर्योदय नगरपालिका कार्यालय, ईलामलाई मिति २०७२।०७।२९ च.नं ४२३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त सूर्योदय नगरपालिका कार्यालय, ईलामले मिति २०७२।१०।१२, च.नं. १६६७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।